मिति २०७५।११।०४ गतेको अन्नपूर्ण राष्ट्रिय दैनिकमा प्रकाशित

# सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशको हेनान छात्रवृत्तिमा मनोनयनका लागि दरखास्त माग सम्बन्धी सूचना

मित्रराष्ट्र चीनको हेनान प्रान्त सरकारबाट सन् २०१९ को लागि प्राविधिक विषयमा स्नातक अध्ययन गर्न ४ (चार) वटा छात्रवृत्ति कोटा प्राप्त भएकोले तपसिलमा उल्लेखित प्रक्रिया पूरा गरी सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरामा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले तीस दिन भित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. **दरखास्त फाराम:**
दरखास्त फाराम मन्त्रालयको वेब साइट www.mosd.gandaki.gov.np बाट डाउनलोड गर्न वा मन्त्रालयमा सम्पर्क गरी प्राप्त गर्न सकिने छ ।

२. **छात्रवृत्तिका लागि आवेदन गर्ने विषय:** (१) Tourism Management
(२) Pharmaceutical Engineering

३. **पेश गर्नुपर्ने कागजात**

**क) शैक्षिक योग्यताको प्रमाणपत्र:** विज्ञान विषय लिई कक्षा १२ वा सो सरह कम्तीमा द्वितीय श्रेणी वा २.४ GPA ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ । कक्षा १२ उतीर्ण गरेको शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र र स्थानान्तरण प्रमाणपत्र,
नेपाल बाहिरबाट शैक्षिक योग्यता भए शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रबाट समकक्षता प्रमाणित गरेको पत्र ।

**ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी:**
राहदानी पत्र बनाइ नसकेका उमेद्वारहरु छनौट भएमा राहदानी पत्र बनाइ तोकिएको समयभित्र उपलब्ध गराइसक्नु पर्ने छ । (नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रमा नाम थर, जन्म मिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरेको पत्र समेत ।)

**ग) सिफारिस पत्र:** आदिवासी, जनजाति, दलित र मधेसी समुदायको व्यक्तिको हकमा त्यस्तो समुदायको व्यक्ति भनी सम्बन्धित निकायबाट प्रदान गरिएको सिफारिस पत्र (विस्तृत जानकारी मन्त्रालयको उक्त वेवसाइटबाट प्राप्त गर्न सकिने) ।

४. **छनौटका आधार:** मन्त्रालयको माथि उल्लिखित वेवसाइटबाट हेर्न सकिने छ ।